**मेगा बैंक नेपाल लिमिटेड**
**प्रथम वार्षिक साधारण सभाको विवरण**

**१. वैधानिक सभा:**
मेगा बैंक नेपाल लिमिटेडको मिति २०६८ साल पौष ३ गते (18th December 2011 ) मा बसेको संचालक समितिको ४० औं वैठकको निर्णयानुसार कम्पनी ऐन, २०६३ तथा बैंकको प्रबन्धपत्र र नियमावली बमोजिम बैंकको प्रथम वार्षिक साधारण सभा सञ्चालक समितिका अध्यक्ष प्रा.डा. मदन कुमार दाहालको सभापतित्वमा देहाय बमोजिम सम्पन्न भयो ।

**२. सभाको स्थान, मिति र समय:**

२.१ स्थान : नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौ ।
२.२ मिति: २०६८ साल पौष २८ गते विहीबार (12th January 2012)
२.३ समय: दिउंसो १२:३० बजे प्रारम्भ भई साँझ ८:०० बजे सम्पन्न भयो ।

**३. सभाको सूचना प्रकाशन:**

३.१ साधारण सभा हुने मिति, समय, स्थान र छलफल हुने विषयहरू सहितका विवरण खुलाई कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा २ तथा बैंकको नियमावलीको नियम १८ को ३ वमोजिम कम्तीमा २१ दिन अगावै मिति २०६८ साल पौष ६ गते नयाँ पत्रिका राष्ट्रिय दैनिक तथा २०६८ साल पौष १३ गते कान्तिपुर राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गरी र २०६८ साल पौष २६ गते नागरिक राष्ट्रिय दैनिक पत्रिकामा संक्षीप्त सूचना समेत प्रकाशित गरि सवै शेयरधनी महानुभावहरूलाई जानकारी गराइएको कम्पनी सचिवले जानकारी दिनु भयो ।

३.२ सञ्चालक समितिको प्रतिवेदन, वासलात, नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण तथा अन्य दस्तावेजहरू सहित बैंकको वार्षिक प्रतिवेदन बैंकको Website मा राखिनुका साथै बैंकमा उपलब्ध ठेगानाको आधारमा शेयरधनीहरूलाई पठाई सकिएको कम्पनी सचिवले जानकारी दिनु भयो ।

**४. सभाको विषय सूची:**

**छलफल तथा निर्णयका लागि निर्धारित बिषय सूची :**

१. अध्यक्षज्यूको मन्तब्य सहितको सञ्चालक समितिको प्रतिवेदन २०६७/०६८ पारित गर्ने ।

२. लेखा परीक्षकको प्रतिवेदन सहितको २०६७ अषाढ मसान्त तथा २०६८ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त क्रमश आ.व. ०६६/ ६७ र २०६७/६८ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण उपर छलफल गरी पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आ.व. २०६८/०६९ (२०११/१२) को लागि लेखा परीक्षक नियुक्त गरी निजको पारिश्रमीक निर्धारण गर्ने (बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ६०(२) को प्रतिवन्धात्मक वाक्यांश अनुसार वर्तमान लेखा परीक्षक एस.आर.पाण्डे एण्ड कम्पनी पुन : नियुक्तीको लागि योग्य रहेको )

४. बैंकको संस्थापनाको क्रममा भएको पूर्वसञ्चालन खर्च अनुमोदन गर्ने ।

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव

५. बैंकको नियमावलीको नियम ३२ अनुसार सञ्चालकहरुको बैठक भत्ता वृद्धि तथा अन्य सुविधाहरु समर्थन गर्ने ।

६. संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने "क" समूहका संचालकहरुको मनोनयन/निर्वाचन गर्ने ।

७. विविध ।

५. **उपस्थितिः**

**५.१ सञ्चालकहरू (कम्पनी ऐन, २०६३ को दफा ६८) :**

| | | |
|---|---|---|
| (क) प्रा.डा.मदन कुमार दाहाल | - | अध्यक्ष |
| (ख) डा.दुमन थापा | - | सञ्चालक |
| (ग) प्रा.डा. गोबिन्द नेपाल | - | सञ्चालक |
| (घ) श्री भोजबहादुर शाह | - | सञ्चालक |
| (ङ) श्री गोपाल खनाल | - | सञ्चालक |
| (च) श्री इन्द्र बहादुर मल्ल ठकुरी | - | सञ्चालक |
| (छ) श्री रामेश्वर सापकोटा | - | सञ्चालक |
| (छ)श्री विजय सम्बाहाम्फे | - | सञ्चालक |

**५.२ पदाधिकारीहरुको उपस्थितिः**

(क) श्री अनिल शाह - प्रमुख कार्यकारी अधिकृत , मेगा बैंक नेपाल लिमिटेड ।

(ख) श्री सुदर्शन राज पाण्डे - लेखापरीक्षक

**५.३ पर्यवेक्षकहरूः**

(क) श्री चेतनाथ आचार्य - प्रतिनिधि (कम्पनी रजिष्ट्रारको कार्यालय)

(ख) श्री राम प्रसाद पौडेल - निर्वाचन अधिकृत

**५.४ शेयरधनीहरुको उपस्थिति (कम्पनी ऐन २०६३ को दफा ७३ बमोजिम)** (संस्थापकहरुको जम्मा १,६३,१०,००० कित्ता शेयरको प्रतिनिधित्व गर्ने शेयरधनीहरु) :

(क) संस्थापक शेयरधनी
स्वयंको उपस्थिती ४७४जना (शेयर संख्या ७१,०५,००० कित्ता) ४३.५७ प्रतिशत
प्रतिनिधि मार्फत उपस्थिती- ३२३ जना ( शेयर संख्या ४४,२२,००० कित्ता ) २७.१२ प्रतिशत
(ख) जम्मा शेयर संख्याको प्रतिनिधित्व १,१५,२७,००० कित्ता (प्रतिशतमा) ७०.६१ प्रतिशत

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

**कम्पनी सचिव**

सभामा उपस्थित सबै शेयरधनी महानुभावहरू मतदान गर्न योग्य थिए ।

## ६. सभाको वैधानिकता र गणपुरक संख्या :

६.१ साधारण सभा शुरू हुनु अघि कम्पनी सचिवले सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरूलाई बैंकको तर्फबाट स्वागत गर्नु हुँदै कम्पनी ऐन र बैंकको प्रबन्ध-पत्र तथा नियमावली तथा प्रचलित नेपाल कानून बमोजिम बैंकको प्रथम वार्षिक साधारण सभा बोलाइएको र कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरूप सभाको लागि आवश्यक गणपुरक संख्या पुगेको जानकारी सभालाई दिनुभयो ।

६.२ तत्पश्चात् कम्पनी ऐन २०६३ को दफा ७३ अनुसार गणपुरक संख्या पुगेको सभाले सभा संचालन गर्न मञ्जुर गर्दै पूर्व सूचित सभाको निर्धारित विषय-सूचीको क्रमानुसार जान र तत्सम्बन्धमा प्रचलित ऐन बमोजिम कारवाही अगाडि बढाउन सहमति दियो ।

## ७. सभाको सभापतित्व र सभा सञ्चालन:

सभाको वैधानिकता पूरा भएपछि सभाको सभापतित्व गर्नको लागि कम्पनी ऐन २०६३ को दफा ७४ र बैंकको नियमावलीको नियम १९ अनुसार यस बैंकको सञ्चालक समितिका अध्यक्ष प्रा.डा.मदन कुमार दाहाललाई प्रथम साधारण सभाको सभापतित्व गरिदिनु हुन कम्पनी सचिवले आग्रह गर्नुभयो र सञ्चालक समितिका अध्यक्षज्यूले सभाको सभापतित्व गर्नुभयो । सभापतित्व ग्रहणपछि कम्पनी सचिवले अध्यक्ष प्रा.डा.मदन कुमार दाहाललाई पानसमा बत्ती बालेर सभाको उद्घाटन गर्न आग्रह गर्नु भयो । तत्पश्चात अध्यक्ष तथा कार्यक्रमका सभापति प्रा.डा.मदन कुमार दाहालले पानसमा बत्ती बालेर सभाको उद्घाटन गर्नु भयो ।

## ८. संचालक समितिको प्रथम वार्षिक प्रतिवेदन प्रस्तुती:

८.१ सभाको काम कारवाहीलाई अगाडि बढाउने क्रममा सभाका सभापतिले आफ्नो मन्तव्य सभा समक्ष पढेर सुनाउनु भयो ।

८.२ आफ्नो मन्तव्य प्रस्तुत गर्नु भएपछि उहांले संक्षीप्त आर्थिक विबरण पुस्तिकाको रूपमा प्रत्येक शेयरधनी महानुभावहरूले उपलब्ध गराएको व्यक्तिगत ठेगानामा पत्राचार गरी यथा समयमा पठाउनुका साथै संस्थापक शेयरधनी महानुभावहरुले बैंकमा उपलब्ध गराउनु भएको ईमेलमा पठाइएको तथा बैंकको अन्य विस्तृत विबरणहरु सहितको वार्षिक प्रतिवेदन लगायतका सम्पूर्ण जानकारीहरु बैंकको वेभ साइटमा समेत राखिएको जानकारी दिंदै उक्त प्रतिवेदनमा सञ्चालक समितिको प्रथम वार्षिक प्रतिवेदन, लेखापरीक्षणको प्रतिवेदन सहितको २०६७ आषाढ मसान्त तथा २०६८ आषाढ मसान्तको वासलात तथा सोही मितिहरुमा समाप्त क्रमश: आ.व २०६६/२०६७ र आ.व.२०६७/०६८ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण माथि छलफल गरी पारित गर्नका लागि आ-आफ्नो विचार, जिज्ञासा, मन्तव्य, सुझाव एवं प्रश्न राख्न तथा छलफल गर्न इच्छुक शेयरधनी महानुभावहरूलाई सभापतिले आह्वान गर्नुभयो ।

८.३ बैंकको स्थापनाकाल देखि हालसम्मको बैंकको अवस्था र भावी कार्यक्रमका बारेमा बैंकका प्रमुख कार्यकारी अधिकृत श्री अनिल शाहले संक्षिप्तरुपमा प्रकाश पार्नु भएको थियो ।

## ९. छलफलमा सहभागी हुनु हुने शेयरधनी महानुभावहरू:

छलफलका लागि सभापति महोदयले आमन्त्रण गर्नु भए अनुसार सभामा २५ जना शेयरधनी महानुभावहरूले आ-आफ्नो मन्तव्य, जिज्ञासा एवं सुझाव राख्न आफ्नो नाम दिनु भयो र उहांहरुले आ-आफ्नो राय तथा सुझावहरु राख्नु भयो ।

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव

## १०. शेयरधनीहरूबाट व्यक्त गरिएका मन्तव्यको संक्षिप्त विवरण:

छलफलको क्रममा सहभागी हुने शेयरधनी महानुभावहरूले पेश गर्नुभएको मन्तव्य / विचार देहाय बमोजिम संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ :

### १०.१ डा. डिल्लीराज खनाल:

हलो देखी हाईड्रो सम्मका नेपालीहरुको बैंक, वित्तीय समावेशीता, महिला शशक्तिकरण, मध्यम वर्गीय नेपालीको लगानी, ६३ जिल्ला भित्रका संस्थापक शेयरधनीहरु, लघुवित्त कार्यक्रमलाई प्राथमिकता जस्ता विषयहरु यस बैंकका प्रमुख विशेषताहरुका रुपमा मैले पाएको छु । त्यस्तै वेला बेलामा नियमनकारी निकायबाट जारी हुने विभिन्न नीति नियमहरुको कारण र कतिपय नीति नियमहरुको शिघ्र परिमार्जनले बैंकिङ्ग व्यवसायलाई प्रत्यक्ष असर पारिरहेको मैले महशुस गरेकोछु । घरजग्गामा अधिक लगानी केन्द्रित हुनु बैंकिङ्ग क्षेत्रको आजको अर्को चुनौती रहेको छ । डा.दुमन थापाको संयोजकत्वमा रहेको पूर्व समन्वय समितिका सदस्यहरुलाई बैंक खोल्ने क्रममा अहोरात्र खटेर पुर्‍याउनु भएको योगदानको लागी धन्यवाद दिन चाहान्छु । बैंकले हाल सम्म गरेको कार्य प्रगती प्रति मलाई सन्तोष लागेको छ र आगामी दिनमा प्रोडक्ट डाईभर्सिफिकेसन गर्दै रणनीतिक योजना सहित सतर्क ढंगले ठुला परियोजनाहरुमा लगानी गरी अधिकतम प्रतिफल वितरण गर्न सफलता मिलोस भनी बैंक व्यवस्थापन समुह र संचालक समितीलाई शुभकामना दिन चाहान्छु । पूर्व संचालन अवस्थामा संस्थापक शेयरधनीहरुको शेयर पूँजीबाट आर्जन भै बचत संचितिमा रहेको व्याज रकम संस्थापक शेयरधनीहरुलाई वोनस शेयर दिन सकेको खण्डमा न्याय हुने मैले ठानेको छु । बैंकको हाल सम्मको प्रगति विवरण र भावी कार्यक्रमहरुको बारेमा स्पष्ट रुपमा प्रकाश पारी दिनु भएकोमा प्रमुख कार्यकारी अधिकृत अनिलजीलाई धन्यवाद दिन चाहान्छु ।

### १०.२ उदय नेपाली श्रेष्ठ :

आईपीओमा नगईसकेका नयाँ बाणीज्य बैंकहरुको तुलनामा यो बैंक सबैभन्दा अगाडि छ । मेगा बैंक मेगा ढंगले नै अगाडी बढेको पाएको छु र यो बैंक मेगा मात्र हैन ओमेगा नै बनोस भन्ने शुभकामना दिन चाहान्छु । बैंकहरुले वासल २, ने.रा.बैंकको निर्देशन र आफ्नो संचालक समिति द्वारा निर्मित नीति नियमहरुको परिधि भित्र रहि काम गर्नु पर्ने हुनाले सो को पालना गर्दै विस्तारित शाखाहरु मुनाफा आर्जन गर्ने तर्फ अगाडी बढ्दै हामी यस बैंकका मालीक बन्ने अवसर पाएका १२१९ जना शेयरधनीहरु लाभान्वित हुन सकौं भन्ने शुभकामना समेत दिन चाहान्छु । बैंक खोल्नु भनेको साग रोप्नु नभइ काफलको विरुवा रोप्नु हो, काफल फल्न ३/४ बर्ष लाग्छ त्यस बेला सम्म धैर्य गरि दिनु हुन प्रमुख कार्यकारी अधिकृतजीले अनुरोध गर्नु भएकोमा मलाई खुशी लागेको छ ।

### १०.३ विरेन्द्र पोखरेल :

पहिलाको संचित रकम शेयरधनीहरुलाई वितरण गरिदिने तथा वोनस शेयरमा कन्भर्ट गराउनु राम्रो हुन्छ भन्ने सुझाव दिन चाहान्छु ।

### १०.४ जि.पि अर्याल :

अहिलेसम्म मेगा बैंकलाई सफलता मिले जस्तो लागेको छ तर पनि लगानीको प्रतिफल प्रतिशत थोरै भए जस्तो लाग्छ । पर्यटन क्षेत्रमा लगानी बढाउन सुझाव दिन चाहान्छु । बैंक सकारात्मक सोचले अगाडी बढेको पाएको छु, त्यस्तै बैंक व्यवस्थापन राम्रो छ ।

### १०.५ केशव पाण्डे :

म मेगा बैंकको प्रवर्द्धक भएकोमा गर्व गर्दछु । पर्यटन क्षेत्रमा लगानी बढाउन सुझाव दिन्छु, साथै पूर्व संचालन अवस्थामा बैंकको बारेमा बजारमा आएका हल्लाहरुका बारेमा प्रमुख कार्यकारी अधिकृतले सम्बोधन गर्दै मसँग भएको कुराकानीले वहाँसँग म अत्यन्तै प्रभावित भएको छु । यसै गरी धेरै बैंकहरुमा काम गरेर आउनु भएका प्रमुख कार्यकारी अधिकृत र उहाँको सक्षम व्यवस्थापन समुह र त्रि.वि.वि.मा लामो समय सम्म आफ्नो सेवा

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव

प्रदान गर्नु भएका सम्मानित र निष्कंलक व्यक्ति अध्यक्ष हुनु भएकोले वहाँहरुबाट राम्रो काम हुने छ भन्ने कुरामा हामीहरु विश्वस्त छौं ।

**१०.६ राम प्रसाद पोखरेल :**
पूर्व संचालन अवस्थाको संचित रकमलाई वोनस शेयरमा परिणत गर्न र सो संभव नभएमा बैंकको नाममा घरजग्गा खरिद गर्न आग्रह गर्दछु । व्यवस्थापन समुहको खर्च उच्च छ, सो अनुसारको प्रतिफल दिन र बैंकको खर्च घटाउने तर्फ ध्यान दिन पनि आग्रह गर्दछु । साथै महिलाहरुलाई लगानी गर्दा जोखिम कम हुने हुनाले महिला समुहमा लगानी बढाउन अनुरोध गर्दछु । शाखा खोल्दा संभाव्यता अध्ययन र वित्तीय विश्लेषण गर्न अनुरोध गर्दछु । संचालक समितिको भत्ता बढाउन उचित छ किनकि काम गर्नेले सुविधा पनि पाउनु पर्दछ ।

**१०.७ डिल्लीराज भुसाल :**
सर्वप्रथम नवनिर्वाचित संचालकहरुलाई बधाई दिन चाहान्छु । देशको समग्र आर्थिक स्थिति लाई मध्यनजर राखेर मुनाफा कमाउने तिर लाग्न अनुरोध गर्दछु साथै बैंकको खर्चमा कमी ल्याउन आग्रह गर्दछु । शाखा विस्तार गर्दा खर्चमा मितव्ययीता र लाभदायीकतालाई जोड दिन पनि आग्रह गर्दछु ।

**१०.८ लीला वल्लभ दाहाल :**
अहिले बैकिङ्ग व्यवसाय एकदमै चुनौती पूर्ण रहेकोले यस्तो अवस्थामा सफल हुन संचालक समिति र बैंक व्यवस्थापन समुहलाई एकदम सजग ढंगले अगाडी बढ्न अनुरोध गर्दछु । बैंकको बजार प्रवर्द्धन तथा विज्ञापनमा कमि देखिन्छ । त्यसैले Door to Door Marketing एवं प्रर्वद्धकहरुको Follow up लाई बढावा दिन आग्रह गर्दछु ।

**१०.९ टंक प्रसाद सुवेदी :**
बैंकका शाखा खोल्दा नाफा कमाएर मात्र खोल्न आग्रह गर्दछु । साथै प्रर्वद्धकहरुलाई लकरको व्यवस्था गर्न अनुरोध गर्दछु ।

**१०.१० उपेन्द्र पौडेल :**
बैंकको प्रवन्धपत्र तथा नियमावली सवैलाई दिनु हुन अनुरोध गर्दछु । साथै वार्षिक साधारणसभाको सूचना पत्रपत्रिकाको साथै सबै संचार माध्यमबाट जानकारी दिन पनि अनुरोध गर्दछु ।

**१०.११ राम प्रसाद न्यौपाने :**
बैंकको अपरेटीङ्ग खर्च बढी भएको महशुस गरेको छु । साथै अरु बैकको खर्चमा तलव भत्ताको हिस्सा २५ प्रतिशत हुन्छ तर हाम्रो बैंकमा बढि देखिए जस्तो लाग्छ यसलाई परिमार्जन गर्न आग्रह गर्दछु ।

**१०.१२ डा. तारा प्रसाद सापकोटा :**
मलाई हामीहरु विचको कम्युनिकेसनमा कमि भएको जस्तो लाग्छ । हाम्रो सम्पर्क माध्यमलाई अझ बढाउन आग्रह गर्दछु ।

**१०.१३ धनराज आचार्य :**
यो मोडलको बैंक खोल्नु नेपालको पहिलो अभियान हो, यसका लागि यहाँहरुलाई शुभकामना दिन चाहान्छु । अन्य ठाँउमा सुटुक्क एजिएम भएका छन, यहाँ हल्ला पिटेर प्रथम बार्षिक साधारणासभा भएकोमा खुसी लागेको छ । साथै हाम्रो बैंकमा सक्षम व्यक्तिहरु हुनुहुन्छ यसमा गर्व लागेको छ । संचालकहरुको निर्वाचन निर्विरोध भएकोमा यहाँहरुलाई बधाई छ । बैंकको नेतृत्वको लागी हामीसँग कुशल ड्राईभर राखेका छौं । १२१९ को स्प्रिटलाई बैंकले प्रयोग गर्नु हुन, कर्मचारीको मनोबल उच्च गराउन र मेगा ब्रान्ड्लाई सवैको लागि बनाउन पनि अनुरोध गर्दछु ।

BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव

**१०.१४ नारायण प्रसाद पाण्डे :**
यहाँ धेरै लगानी गर्नेको मात्र नाम आयो, सबै जनाको नाम किन आएन ? संचितिमा रहेको रकमले संस्थाको सम्पत्ति किन्न अनुरोध गर्दछु । साथै कर्जा लगानी गर्दा मेगाका प्रमोटरलाई दिन मिल्ने गरी लविङ्ग गर्नु हुन आग्रह गर्दछु । यो टिम एक ढिक्का भएर अगाडी बढोस भन्ने शुभकामना दिन चाहान्छु ।

**१०.१५ लेखनाथ भण्डारी :**
काउन्सिल सदस्यहरुबाट आएका कुरालाई प्रयोगमा ल्याउन, शाखाहरुमा पनि हेड अफिस लेभलको सुविधा दिन, खर्चहरु गर्दा ईन्टरनेशनल नर्म्सलाई पालना गर्नु हुन सुझाव दिन चाहान्छु । एजिएमको आयोजना गर्नुभएकोमा खुसी लाग्यो । यो बैंकलाई नमुना बैंक बनाउने तर्फ लाग्न अनुरोध गर्दछु । प्रत्येक बर्षको स्टाट्रेजिक योजना बनाएर अगाडी बढ्न र आईपिओमा जाने तिर ध्यान दिन समेत अनुरोध गर्दछु ।

**१०.१६ नुरापति पन्त :**
शिक्षा र स्वास्थ्यमा लगानी फोकस गर्न आग्रह गर्दछु, साथै विदेशमा गएको धन रोक्ने काम गर्न पनि सुझाव दिन्छु ।

**१०.१७ गोपाल प्रसाद आचार्य :**
साधारण सभाको सूचना र वार्षिक प्रतिवेदन समयमा पाएकोमा धन्यवाद दिन चाहान्छु । साथै शिक्षा क्षेत्रमा पँहुच बढाउन आग्रह गर्दछु । स्कूल प्रमोसनको लागि कर्जा चाहिन्छ तर हामीले आफ्नो बैंकबाट कर्जा लिन पाईन्न । यसको लागी शेयरधनीहरुले कर्जा लिन पाउने व्यवस्था मिलाउन, मुनाफा बढाउन र आफ्नै भवन र जग्गा खरिद गर्न समेत आग्रह गर्दछु ।

**१०.१८ दयाराम अधिकारी :**
शेयरधनीको शेयर ट्रान्सफर गर्न सक्ने व्यबस्था मिलाउन आग्रह गर्दछु । शेयरधनीहरुको ईमेल तथा फोन नं. अपडेट गरी उहाँहरुलाई बारम्वार पत्राचार गर्न, आक्रामक रुपमा अन्धाधुन्ध शाखा विस्तार नगर्नु हुन र नाफा कसरी बढाउने भन्ने तिर ध्यान दिन आग्रह गर्दछु ।

**१०.१९ कृष्ण बहादुर मगर :**
डोनेसन कम गर्न अनुरोध गर्दछु । पर्यटन, शिक्षा तथा स्वास्थ्यमा लगानी विस्तार गर्न, विभिन्न क्षेत्रका विज्ञहरुको समूह बनाउन, पहाडी जिल्ला भोजपुर ,डोल्पा जस्ता ठाँउमा शाखा कार्यालय खोल्न, सेवालाई छिटो छरितो गराउन र बैंकको रिपोर्टमा सबै शेयरधनीहरुको नाम उल्लेख गर्न अनुरोध गर्दछु ।

**१०.२० हरी कृष्ण तिमिल्सिना :**
शाखा खोल्दा लागेको पैसा धेरै भएको छ । बैकको एटिएममा ग्राहकहरुले पैसा जम्मा गर्ने व्यबस्था मिलाउन, प्रर्वद्धकहरुलाई बैंकमा सहभागी बनाउन र अनिल शाहलाई यस बैंकमा ल्याउनु भएकोमा यहाँहरुलाई धन्यवाद दिन चाहान्छु ।

**१०.२१ शोभा सापकोटा :**
अहिले राज्यको सबै ठाँउमा ३३ प्रतिशत महिला सहभागिताको कुरा छ । तर बैंकको संचालकमा एक जना पनि महिला नभएकोमा मलाई दुःख लागेको छ । महिलाको समूहलाई कर्जा लगानी गर्दा जोखीम कम हुने हुँदा महिला समुहमा कर्जा लगानी गर्न अनुरोध गर्दछु । यस बैंकमा संस्थापक शेयरधनीहरुको रुपमा र कर्मचारीहरुमा पनि महिलाहरुको धेरै सहभागिता भएको मैले पाएकी छु । संचालक समितिमा पनि महिला सहभागितालाई अगाडी बढाउन समेत आग्रह गर्दछु ।

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव

**१०.२२ रविन्द्र नाथ भट्टराई :**
शाखा खोल्दा सम्भाव्यता अध्ययन गर्न आग्रह गर्दछु र शाखा खोल्दा उक्त ठाँउमा कती शेयरधनीहरु छन उहाँहरुलाई सहभागी गराई सल्लाह, सुझाव एवं सहयोग लिनु हुन समेत अनुरोध गर्दछु ।

**१०.२३ शम्भु पाठक**
यो बैंक सबभन्दा ठूलो बैंक हुनेछ भन्ने आशा लिएको छु । हामी सिइओको कुरा प्रति विश्वस्त छौं । मार्केटिङ्गमा अलि बढि ध्यान दिन, पर्यटन सेक्टरमा लगानी वृद्धि गर्न र सम्पर्कलाई बढाउन अनुरोध गर्दछु ।

**१०.२४ तिर्थ राज भट्ट :**
हामीहरुले दिएका सुझाव लाई एक्सन प्लान मा लैजानु हुन अनुरोध गर्दछु । हलो तर्फ बढि लगानी बढाउन अनुरोध गर्दछु । साथै डेरी सेक्टर तर्फ लगानी गर्न र रिस्क सेक्टरलाई ध्यान दिन आग्रह गर्दछु ।

**१०.२५ दिनेश रायमाझी :**
स्टाफलाई प्रोफिट अनुसारको तलव दिन आग्रह गर्दछु । साथै तल्ला लेवलका कर्मचारीहरुलाई पनि उचित पारिश्रमिकको व्यबस्था गर्न, लगानीको प्रतिफल बढाउन, कर्जाको व्यबस्थापन उचित ढंगले गर्न र कतैबाट पनि लोगोको दुरुपयोग गर्न नदिन आग्रह गर्दछु ।

**११. प्रमूख कार्यकारी अधिकृतज्यूको जवाफ :**

सभामा उठाइएका प्रश्नहरु मध्ये बैंक व्यवस्थापनसंग सम्बन्धित प्रश्नहरुको जवाफ दिन सभापतिज्यूले बैंकका प्रमूख कार्यकारी अधिकृत श्री अनिल केशरी शाहलाई आग्रह गर्नु भयो ।

**प्रमूख कार्यकारी अधिकृत श्री अनिल शाह :**

पूर्वसंचालन पूंजीबाट गरेको व्याजलाई शेयर मार्फत दिने कुरा IPO मा गएपछि राष्ट्र बैंकको नियमअनुसार हुने हुँदा IPO पछि यी सवैलाई नियम अनुसार मिलाउँदै जाने कुरा अवगत गराउन चाहान्छु । साथै Communication मा सुधार गर्दै छौं, सबैजना शेयरधनीहरुसँग ईमेल मार्फत सुचना आदान प्रदान गर्ने कोशिश गरिरहेको छु । ईमेल भन्दा फोनबाट सम्पर्क गर्दा धेरै ठाँउ कभर हुने भएकोले मैले सबैजनाको फोन नम्वरहरु राख्दैछु । मेरो फोन नं. 9851020203/9802345678 हो यहाँहरुले पनि सम्पर्क गर्ने माध्यमहरु जस्तो मोवाईल, फोन तथा ईमेल वदल्नु भयो भने कृपया मलाई समयमा नै जानकारी दिनु हुन आग्रह गर्दछु ।
म तपाईहरु प्रति सधै प्रतिबद्ध छु, साथै हामीले शुरु गर्न लागेको ब्रान्चलेस बैंकिङ्गमा शेयरधनीहरुलाई समावेश गर्न पाए अति उत्तम हुन्थ्यो । यस कुरामा यहाँहरुको पूर्ण सहभागिता र सहयोगको अपेक्षा राखेको छु । हामीले हाईड्रो खोल्ने होईन किनकि हामी Investment Company होईनौ, त्यसैले हामीले उपयुक्त राम्रो कम्पनीको लागि कर्जा दिन मात्र सक्छौ । पर्यटन उद्योग हाम्रो प्राथमिकतामा पर्छ, त्यसै अनुरुप जहाँसम्म ठूला होटेलहरुमा लगानी गर्ने कुरा छ । त्यो Nabil , Himalayan जस्ता बैंकहरुले थोरै Interest मा गरिरहेका छन् किनकि उनीहरुले डिपोजिट पनि थोरै Interest मा उठाईरहेका छन् । जसले गर्दा हामी प्रतिस्प्रर्धामा आउन गाह्रो भई रहेको अवगत गराउन चाहान्छु । हामीहरुबाट अहिले ठूलो Chain Hotel मा लगानी गर्ने कुरा अगाडि बढिरहेको यहाँहरुलाई जानकारी गराउन चाहान्छु । स्वास्थ्य क्षेत्रमा लगानी गर्दा जोखीम बढी हुन्छ । तर मेडिकल कलेजमा लगानी गर्ने कुरा अगाडी बढिरहेको छ सो पनि यहाँहरुलाई अवगत गराउन चाहन्छु । त्यस्तै शिक्षा क्षेत्रमा जस्तै स्कूलमा लगानी गर्दा भवन निर्माण तथा अन्य भौतिक सुविधामा लगानी गर्ने हो । केही गरी यस्तो कर्जा जोखिममा पर्न गएमा त्यस्तो भवन तथा भौतिक सुविधा बेचविखन गरी कर्जा उठाउन सामाजिक कारणले गर्दा अत्यन्त गाह्रो हुने हुनाले यो क्षेत्रमा लगानी गर्दा सावधानी अप्नाउनु पर्ने भएकोले त्यसमा हामी अति संवेदनशील भएर अगाडी बढि रहेका छौ । कृषि क्षेत्रमा लगानी गर्नको लागि हामी Micro Lending मार्फत अगाडी बढ्दै छौं ।
मेरो २३ बर्षको बैंकिङ्ग करियरमा Standerd Chartered र Nabil मा राम्रो काम गरेको भएर मात्र तपाईहरुको साथमा आज म यहाँ छु । साथै १४ जना Founder Member हरुको ठूलो योगदानबाट हामीहरु आज यहाँ

BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

सम्म आउन सम्भव भएको हो । वहाँहरुले अहोरात्र खट्नुभएको कुरा यहाँहरुलाई अवगत नै छ । मलाई साथीहरुले १२१९ जनाको टिमलाई लिएर अगाडी बढ्न गाह्रो हुन्छ भन्नु भएको थियो तर आज यो AGM मार्फत निर्विरोध निर्वाचन सम्पन्न हुँदा मलाई निकै गर्वको महसुस भईरहेको छ । तपाईहरुले Staffing मा ठूलो खर्च भएको छ भन्नु भएको छ । यो टिम जुन यहाँ आएको छ, त्यो धेरै राम्रो टिम छ जसले १० रुपैया खर्च गरेपनि १५ रुपैया कमाउछ । अहिले हाम्रो बैंकको Operating Profit अरु बैंकको भन्दा बढि रहेको अवगत गराउन चाहान्छु । रु. ५ करोड रुपैयाँ NSM मा लगानी भएको कुरा छ, हामीले त्यतिबेला NSM लाई Finance Copmpany को Standard Chartered भन्थ्यौ । त्यति राम्रो थियो तर त्यहाँका एक दुई जना व्यक्तिको गल्तीले गर्दा हामी अप्ठ्यारोमा पर्न पुग्यौ । तैपनि NSM मा भएको सम्पूर्ण रकम हामीले मिलाई सकेका छौ । म यहाँ धेरै संवेदनशिल भएर आएको छु म यहाँ असफल भए भने मेरो सम्पूर्ण करियर नै असफल हुन्छ त्यसैले म र मेरो टिमले धेरै सजग भएर काम गरिरहेको पनि अवगत गराउन चाहान्छु । शाखाहरु खोल्ने बेलामा हामीले हाम्रो टिम नै गएर संभाव्यता अध्ययन गरेर मात्र बैंकको शाखाहरु खोल्दै आएका छौ । अहिले राष्ट्र बैंकको नियम अनुसार काठमाण्डौमा शाखा खोल्दा दुर्गममा पनि शाखा खोल्न पर्ने बाध्यता भएको हुँदा हामीले शाखाहरु खोल्दा एवं त्यसमा रहेका अन्य काम गर्दा वृहत योजना गरेर मात्र गर्ने गरेको कुरा पनि यहाँहरुलाई जानकारी गराउन चाहान्छु ।

जुन "हलो देखी हाईड्रो" भन्ने हाम्रो नारा छ हामी हाईड्रोमा Butwal Power Company लाई लगानी गरिरहेका छौ । अहिले देशको जटिल अवस्थाले गर्दा ठूला लगानीकर्ताले खोलामा पैसा खनाएर जोखिम मोल्न चाहेका छैनन । तथापी हाम्रो ब्रान्ड तथा व्यक्तिगत सम्वन्धले गर्दा हामी कहाँ लगानीकर्ताहरु आउने गरेको कुरा पनि अवगत गराउन चाहाछु । जसरी अहिले मेगा नाममा हाम्रा साथीहरुले अन्य संस्थाहरु खोल्नुभएको छ त्यसमा वहाँहरुले सबैलाई समेट्दै अगाडी बढ्ने कुरा गर्नु भएको छ । तँपाईहरु पनि वहाँहरुसँग अगाडी बढ्न सक्नु हुन्छ । जहाँ सम्म काफलको कुरा आएको छ यो पोथि काफल नै हो, जसले फल दिईरहन्छ भन्ने कुरा अवगत गराउन चाहान्छु । यो विश्वासको खेती हो जसले गर्दा अहिले हामी ८ अर्ब डिपोजिट संकलन गर्न सफल भएका छौ । आज मेगा बैंक भनेर सबैले चिन्छन्, नबिललाई मैले ५ बर्षमा पहिलो बैंक बनाएको थिए, जवकि म त्यो बैंक २० बर्षको हुँदा छिरेको थिए । नाम (Brand) को लागि खेलकुदमा जुन लगानी गरिएको छ त्यसले गर्दा नाम र विश्वासको वातारण श्रृजना भएको कुरा जानकारी गराउन चाहान्छु । प्रर्वद्धकलाई कर्जा दिने कुरा राष्ट्र बैंकले किन नदिएको भने जसरी NSM ले एउटा दुइटा व्यक्तिलाई कर्जा दिदा आज त्यो हविगत भएको छ । त्यसैलाई जोगाउनका लागि नै प्रर्वद्धकलाई कर्जा दिन नसकिएको हो । तर संचालकमा नबसेका र १ प्रतिशत भन्दा कम शेयर भएका प्रर्वद्धकहरुको शेयर भएका कम्पनीलाई ने.रा.बैंकको नियमनुसार कर्जा प्रदान गर्न सकारात्मक रुपले कुरा भई रहेको अवगत गराउन चाहान्छु । जहाँसम्म हामी तपाईहरुलाई Deposit गर्न भन्ने तर कर्जा दिन नसक्ने हुनाले तपाईहरुलाई हामीले डिपोजिटको लागी कर गर्न सकिरहेका छैनौ ।

हाम्रो लोगो कसैले पनि कपि गर्न सक्दैन तर हाम्रो नाम राम्रो भएकोले नाम सबैले प्रयोग गर्न सक्छन तर हाम्रो लोगोको कलर रातो निलो र सेतो कलर अरुले पनि प्रयोग गर्न पाउछन । त्यसको लागि हामीले रोक्न सकिदैन । तर Mega Bank Nepal Limited भनेर कसैले पनी दर्ता गर्न सक्दैन, साथै ATM मा डिपोजिट गर्ने व्यबस्था अहिले India मा भइरहेको छ, त्यो प्रविधि भित्राउने तर्फ हामी अगाडी बढ्दैछौ । महिला समावेशीताको कुरामा म नेपालको पहिलो महिला राजदुतको छोराको नाताले पनि म यो धारणामा प्रतिवद्ध छु त्यसैले म मुनिका ३ ठूला व्यवस्थापकीय पदमा २ जना महिलाहरु हुनुहुन्छ । हामी अगाडी बढदा Short Term / Long Term Planning बाट नै अगाडी बढ्छौ । सुझावहरु कडा रुपले प्रस्तुत भएपनि राम्रा हुन्छन् भन्ने मैले महशुस गरेको छु। साथै म सधै तपाईहरुलाई काम गरेर देखाउछु भन्ने प्रतिवद्धता यस गरिमामय सभामा व्यक्त गर्न चाहान्छ ।

BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

कम्पनी सचिव

१२. **सभापतिज्यूको जवाफ :**

सभामा संचालक समितिको सम्बन्धमा व्यक्त धारणा उपर प्रतिउत्तर दिंदै सभापति प्रा.डा.मदन कुमार दाहाल :

आजको यो पहिलो तथा ऐतिहासीक साधारणसभाबाट म निकै खुसी भएको छु । सभामा सम्पन्न छलफल उच्चस्तरीय रहेको छ । हामी १२१९ जनाले बनाएको घरलाई सवर्द्धन र विकास गर्ने हामी सबैको जिम्मेवारी हो । हामीले आज धेरै राम्रा सुझावहरु प्राप्त गरेका छौ । हाम्रो बैंकले २०६७ श्रावण ७ गते शुक्रवार देखि कारोवार शुरु गरेको यहाँहरुलाई विधितै छ । बैंक शुभारम्भ गर्दा मेगा बैंकको सम्पूर्ण परिवारको तर्फबाट म पुजामा बसेको थिए र त्यतिवेलैबाट मैले मन, बचन र कर्मले बैंकलाई अगाडी बढाउने सपथ खाएको छु । म जीवनको उत्तरार्धमा छु करीव ३८ बर्ष त्रि.वि.विमा विताए, त्यसैले बाँकी समय पुण्य काम गरेर मात्रै बाच्ने ईच्छा छ । म सधै सकारात्मक सोच बोकेर हिड्ने मान्छे हो र म रिस्क लिन तयार छु । म कंचनजंगा समूहको प्रर्वद्धक भएको नाताले मेरो पनि उद्धेश्य बैंकबाट मुनाफा एवं बोनस पाउने नै हो । ६३ जिल्लाबाट १२१९ जनालाई लिएर तपाईहरुको सहयोग, सुझाव, तथा Management Team को कुशल कार्यले गर्दा आज हामी दोस्रो बर्षमा प्रवेश गरेका छौं ।

हाम्रो बैंक संक्रमणकालबाट टुकु टुकु हिड्ने बालकको अवस्थामा पुगेको छ , यसलाई अगाडी बढाएर लैजाने सन्दर्भमा चुनौतिका साथसाथै सम्भावना पनि उत्तिकै छन् । सन २००८ को आर्थिक मन्दीले हामी जस्तो सानो अर्थतन्त्र भएको देशलाई पनि नकारात्मक प्रभाव परेको छ र अहिले पनि IMF ले चेतावनी दिएको छ कि यस्तो मन्दी पुन: आउन सक्छ । मौजुदा अर्थतन्त्रको विकाशको संदर्भ सिल्क रोडको यात्रा जस्तो कठिन छ, सरकारले प्रक्षेपण गरेको आर्थिक वृद्धि दर पनि उपलब्ध हुन सक्ने अवस्था छैन । हामी जस्ता क श्रेणीका बाणिज्य बैंकहरु अहिले ३१ वटा छन; त्यसमध्ये हामी २८ औं हौ । त्यस्तै ८८ वटा विकास बैंक हरु छन; ७९ वटा Finance Company हरु छन् र २३ हजारको हाराहारीमा सहकारीहरु छन जसले चुनौतिहरु धेरैनै थपेको छ । हाम्रो अवको चरण भनेको मुनाफा आर्जन गर्ने हो र पहिलो तथा अन्तिम उद्धेश्य पनि मुनाफा आर्जन गर्ने नै हो । विश्वव्यापीकरण तथा उदारीकरणले गर्दा आगामी दिनमा अर्थात ५ देखी १० बर्ष भित्रमा दक्षिण एसियामा संयुक्त लगानीमा मेगा बैंकलाई बिस्तार गर्ने दिर्घकालीन लक्ष्य रहनु पर्दछ ।

अबको समय भनेको परिणाम दिनु पर्ने हो । हामीसँग १२१९ जना प्रर्वद्धकको शक्ति छ । आजको समय भनेको प्रतिस्पर्धाको समय हो त्यसैले बैंकले प्रतिस्पर्धाको आधारमा फाईदा उठाउने तर्फ अगाडी बढ्नु पर्दछ । हामी ५ बर्षे Strategic Plan बनाउदै छौ, हाम्रो GDP अहिले १३०० अर्ब मात्र छ । अहिले निक्षेप परिचालन तथा कर्जा प्रवाह ८०० देखी ९०० अर्बको हाराहारीमा छ । यसबाट हामीले ३ देखी ५ प्रतिशत मुनाफा आर्जन गर्ने चुनौती तथा संभावना पनि छ । खर्चको कुरा गर्दा हाम्रो बैंकको लागी पहिलो वर्ष खर्चको बर्ष भयो, यो भौतिक पूर्वाधार, सुचना प्रविधि तथा जनशक्तिमा भएको खर्च हो । त्यसैले मैले यसलाई खर्च नभनेर लगानी भन्ने गर्दछु । जसबाट राम्रो प्रतिफल प्राप्त हुन्छ । संसदको सार्वजनिक लेखा समितिमा मैले केही भन्ने मौका पाएको थिए । त्यतिबेला जसरी अहिले ५ वर्ष सम्म संस्थापक शेयरको Ownership Transfer गर्न नपाइने नियम छ यसलाई घटाएर ३ बर्ष गर्न मैले आग्रह गरेको छु । BAFIA र Basel 2 ले Shre Tranfer को संदर्भलाई बाध्यकारी बनाएको छ । हामी एउटा बैंकको प्रमोटर अर्को बैंकमा कर्जा लिनु पर्ने, यो अन्तराष्ट्रिय रुपमा यो नियम परिवर्तन नभएसम्म यो परिवर्तन हुदैन ।

महिला सहभागिता बढाउने कुरा छ यसलाई म स्वागत गर्दछु । कुनै व्यापारिक घरानाबाट अधिकांश रकम लगानी गरी यो बैंक खुलेको होईन । यो बैंक मध्यम वर्गिय परिवारको १० लाख देखी १ करोड सम्म पूँजी लगानी गरेर स्थापना भएको संस्था हो । त्यसैले राष्ट्र बैंक देखी कम्पनी रजिष्ट्रारको कार्यालय सम्म मर्यादित ढंगले अगाडि बढाउन यो ६ समुहको प्रक्रिया सुरु गरेका हौ । नत्र भने यो राजनीतीक पार्टिको ट्रेड युनियन जस्तो हुने हुनाले वित्तीय संस्थामा यो मर्यादाको संदर्भले महत्व राख्दछ बैंकहरु सबभन्दा मर्यादित, पारदर्शी व्यवस्था भएको संस्था हो । मैले विभिन्न संस्थाहरुको थुप्रै AGM हरुमा पनि भाग लिएको थिए तर आजको जस्तो शान्त र शालीन बार्षिक साधारणसभा मैले आज सम्म देखेको थिईन । मैले ५ बर्षमा नमुना यो बैंकलाई बनाउने प्रतिबद्धता

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

जनाएको छु । त्यसको लागि Stategic Plan बनाउन हामी लागिरहेका छौं । तपाइहरुको सहयोग, सल्लाह र सुझावहरु लिनको लागि म सधै प्रयत्नशील रहने छु । हाम्रा चुनौतीहरु सामना गर्न म सधै तयार छु ।

**१३. प्रस्ताव तथा निर्णय :**

सभामा उठेका प्रश्नहरुको जवाफ दिने क्रम सकिएपछि सभापति ज्यूले छलफलको विषय सूचिमा उल्लेखित प्रस्तावहरु सभाद्धारा पारित गर्नको लागि प्रस्तुत गरिएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार निर्णय भयो ।

**१३.१ अध्यक्षको मन्तब्य सहितको संचालक समितिको वार्षिक प्रतिवेदन ०६७/६८ पारित गर्ने ।**

अध्यक्षको मन्तब्य सहितको संचालक समितिको वार्षिक प्रतिवेदन ०६७/६८ पारित गरियोस भनी सभापति महोदयबाट प्रस्तुत हुंदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**१३.२ वासलात, नाफा नोक्सान हिसाब र सोही अवधिको नगद प्रवाह विवरण परित गर्ने :**

लेखापरिक्षणको प्रतिवेदन सहितको २०६७ आषाढ मसान्त तथा २०६८ आषाढ मसान्तको वासलात तथा सोही मितिहरुमा समाप्त क्रमश: आ.व २०६६/२०६७ र आ.व.२०६७/०६८ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण पारित गरियोस भनी प्रस्ताव प्रस्तुत हुंदा सभामा उपस्थित शेयरधनीहरूबाट सर्वसम्मतीबाट पारित भयो ।

**१३.३ कम्पनी ऐन, २०६३ अनुसार आर्थिक बर्ष २०६८/६९ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।**

बैंकको लेखापरीक्षण समितिमा पेश हुन आएका विभिन्न चार वटा चार्टड एकाउन्टेन्टस् फर्महरु श्री एस. आर पाण्डे एण्ड कम्पनी, श्री जे.बी राजभण्डारी एण्ड कम्पनी, श्री एन.अमात्य एण्ड कम्पनी र बि.के अग्रवाल एण्ड कम्पनी मध्ये कम्पनी ऐन २०६३ मा रहेको व्यवस्था अनुसार श्री एस. आर पाण्डे एण्ड कम्पनी पुन: नियुक्तिको लागि योग्य भएकोले लेखा परीक्षण समितिको सिफारिशमा वाहय लेखा परीक्षणको लागि बार्षिक रु.१७५००० - (एक लाख पचहत्तर हजार रुपैयाँ मात्र) प्रदान गर्ने गरि श्री एस. आर पाण्डे एण्ड कम्पनी लाई लेखा परीक्षक नियुक्त गर्ने प्रस्ताव अनुमोदनको लागि पेश गरिएकोमा सो प्रस्ताव सर्व सम्मतीबाट पारित भयो ।

**१३.४ बैंकको संस्थापनाको क्रममा भएको पूर्वसञ्चालन खर्च अनुमोदन गर्ने ।**

बैंकको संस्थापनाको क्रममा भएको पूर्वसञ्चालन खर्च अनुमोदन गर्ने प्रस्ताव पारित गरियोस भनी सभापति महोदयबाट प्रस्तुत हुंदा सभामा उपस्थित शेयरधनीहरूबाट उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो ।

**१३.५ बैंकको नियमावलीको नियम ३२ अनुसार सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु समर्थन गर्ने ।**

बैंकको नियमावलीको नियम ३२ को उपनियम (ख) र (उ) अनुसार सञ्चालकहरुको बैठक भत्ता तथा अन्य सुविधाहरु संशोधनलाई समर्थन गर्ने क्रममा हाल सम्म संचालक समितिको अध्यक्ष तथा अन्य सञ्चालकहरुले बैठक भत्ता बापत प्राप्त गरेको सुविधाहरुको संशोधनलाई समर्थन गरी समितिको बैठकमा उपस्थित भएबापत अध्यक्ष र सञ्चालकहरुले पाउने प्रति बैठक भत्तामा क्रमश: रु.४००० र रु.२५०० वृद्धि गरी अध्यक्ष तथा अन्य सञ्चालकहरुले पाउने प्रति बैठक भत्ता रु.७०००/- र रु.५०००/- कायम गर्दै मोबाइल तथा पत्रपत्रिका खर्च बापत अध्यक्ष तथा अन्य सञ्चालकहरुलाई प्रदान गरिने भनी बैंकको नियमावलीमा उल्लेख भएको तर कति प्रदान गर्ने भन्ने विषयमा नियमावली मौन रहेकोले अध्यक्ष तथा अन्य सञ्चालकहरुलाई मोबाइल तथा पत्रपत्रिका खर्च बापत प्रति महिना क्रमश: रु.७०००/- र रु.५०००/- प्रदान गर्ने प्रस्ताव पारित गरियोस भनी सभापति महोदयले सभा समक्ष प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतीबाट पारित भयो । साथै

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

उक्त संशोधित नियमलाई नियमनकारी निकायले निर्देशन दिएमा संशोधन गर्न संचालक समितिलाई अख्तियारी दिने समेत सर्वसम्मत निर्णय भयो ।

**१३.६ संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने "क" समूहका संचालकहरुको मनोनयन/निर्वाचन गर्ने ।**

सभापतिले सभामा निर्वाचन अधिकृत श्री राम प्रसाद पौडेललाई संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने "**क**" समूहका ६ जना संचालकहरुको निर्वाचन सम्बन्धि प्रस्तावका सम्बन्धमा संस्थापक शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्ने " **क**" समूहका संचालकहरुको निर्वाचनको कार्यक्रम सम्बन्धि सम्पूर्ण जानकारी दिन र सो को घोषणा गर्न आग्रह गर्नु भयो । निर्वाचन अधिकृत श्री राम प्रसाद पौडेलले निर्वाचन कार्यक्रम सम्बन्धि जानकारीको लागि मतदाता नामावली प्रकाशन देखि निर्वाचन परिणाम घोषणा सम्मको विस्तृत जानकारी तथा सूचनाहरु बैंकको रजिष्टर्ड कार्यालय, मेगा महल, कान्तिपथ काठमाण्डौमा टांस गरि सोही बमोजिम निर्वाचन सम्बन्धि कार्यक्रम अघि बढाइएको जानकारी दिँदै बैंकको सञ्चालक पदमा संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने समूह " **क**" अन्तर्गका विभिन्न उपसमूहहरु क्रमश: उप समूह क १ सगरमाथा समूहबाट डा. दुमन सिंह थापा क्षेत्री, उप समूह क २ माछापुच्छे समूहबाट श्री मदन कुमार आचार्य , उप समूह क ३ धौलागिरी समूहबाट श्री गोपाल खनाल , उप समूह क ४ गौरीशंकर समूहबाट प्रा.डा. गोविन्द नेपाल, उप समूह क ५ अन्नपूर्ण समूहबाट श्री भोज बहादुर शाह तथा उप समूह क ६ कंचनजंघा समूहबाट बाट प्रा.डा. मदन कुमार दाहाल गरि समूह " **क**" मा ६ जनाको मात्र मनोनयन पत्र दर्ता भएको जानकारी दिँदै बैंकको नियमावलीको नियम २७ बमोजिम आगामी ४ वर्षका लागि उहांहरु बैंकको सञ्चालक पदमा निर्विरोध निर्वाचित भएको जानकारी गराउनु भयो।

**१३.७** सभापतीले विविध शिर्षक अन्तर्गत छलफलको लागि कुनै प्रस्ताव नभएको जानकारी गराउनु भयो ।

**१४. धन्यवाद ज्ञापन:**

सभाको निर्णय र निर्वाचनको परिणाम घोषणा भएपछि सभापतिज्यूले यो प्रथम वार्षिक साधारण सभामा सहभागी हुनु भई सभा सुचारु रूपले सञ्चालन गर्न र सफल पार्न सहयोग गर्नुभएकोमा सबै संस्थापक शेयरधनीहरूलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

**१५. सभा बिसर्जन:**

अन्तमा सांझ ८:०० बजे सभापतिज्यूले सभा बिसर्जन भएको घोषणा गर्नुभयो ।

MEGA BANK NEPAL LIMITED
मेगा बैंक नेपाल लिमिटेड

द.

..................

तुल्सीराम पोखरेल

*कम्पनी सचिव*

द.

..................

प्रा.डा. मदन कुमार दाहाल

*सभापति*

**कम्पनी सचिव**